# पाइलिङ अपरेटिभ (पर्कुसिभ पाइल) स्किल्ड ट्रेड टेस्ट नमुना लिखित प्रश्नपत्र

此文件關於打樁工大工（撞擊式樁）工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of trade test for Piling Operative (Percussive Pile). Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

**डिस्क्लेमर**

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ। यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नुहुँदैन।*

**सोधपुछहरू**

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टरलाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५, यु कोङ्ग रोड |
| Aberdeen | एबरडिन |
| Hong Kong | हङकङ |

| | |
|---|---|
| टेलिफोन | : (852) 2100 9000 |
| फ्याक्स | : (852) 2100 9090 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


© 2020 कन्स्ट्रक्सन इन्डस्ट्री काउन्सिल

**कन्स्ट्रक्सन इन्डस्ट्री काउन्सिल**

**<u>पाइलिङ अपरेटिभ (पर्कुसिभ पाइल) ट्रेड टेस्ट प्रश्न</u>**

**【 भाग B (बहु वैकल्पिक) प्रश्न 】**

परीक्षार्थीको नाम (अंग्रेजी):______________________________

परीक्षार्थी नं.: ______________________________

HK ID नं.: ______________________________

परीक्षा मिति:__________वर्ष__________महिना__________मिति

समय अवधि:   20 मिनेट

बहु वैकल्पिक प्रश्नहरू: कुल 10 वटा प्रश्नहरू, हरेकका लागि 4 अङ्क

परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू:
कृपया प्रश्नको सबैभन्दा उपयुक्त जवाफ छेउको बाकसमा ठीक चिन्ह लगाउनुहोस् (☑)।

1. मेशिनको सेट अप गर्दा के कुरामा अनिवार्य रूपमा ध्यान दिइनुपर्छ ?

(a) ठोक्किनबाट बच्नका लागि अन्य मेशिन सेटहरूसँग समन्वय गर्नुपर्छ र जमिन स्थिर तथा सुरक्षित छ ☐

(b) आगलागीबाट बाहिर निक्लनका निम्ति बाटो छेकिनबाट रोक्नका लागि अन्य मेशिन सेटहरूसँग समन्वय गर्नुपर्छ ☐

(c) सामग्रीको ढुवानी वा ल्याउन-लैजानका निम्ति बाटो छेकिनबाट रोक्नका लागि अन्य मेशिन सेटहरूसँग समन्वय गर्नुपर्छ ☐

(d) पैदल यात्रु हिँड्ने बाटो छेकिनबाट रोक्नका लागि अन्य मेशिन सेटहरूसँग समन्वय गर्नुपर्छ ☐

2. म्यान केज को स्पेसिफिकेसनहरू के-के हुन्छन् ?

(a) म्यान केजमा खसेको खण्डमा सुरक्षा उपलब्ध गराउन सक्ने पर्याप्त गार्ड रेलहरू अनिवार्य रूपमा हुनुपर्छ ☐

(b) म्यान केजलाई अनिवार्य रूपमा योग्य व्यक्तिद्वारा निरीक्षण गरिनुपर्छ र केजमा मान्य मितिसहितको प्रमाणपत्र टाँसिएको हुनुपर्छ ☐

(c) म्यान केजमा अन्य औजार तथा उपकरणहरूलाई बोक्नका लागि थप ठाउँ हुनैपर्छ ☐

(d) प्रयोग गर्नुभन्दा पहिले हरेक दिन सुरक्षा सुपरभाइजरद्वारा निरीक्षण गरिनुपर्छ ☐

3. H-पाइलहरूलाई जोडेपछि गाड्ने कार्यलाई जारी राख्नुभन्दा पहिले कुन प्रक्रिया चल्नुपर्छ भनेर कृपया संक्षिप्तमा उल्लेख गर्नुहोस् ?

(a) प्रयोग गर्नुभन्दा पहिले पाइलहरू इन्जीनियरद्वारा अनुमति प्रदान गरिएका योग्य वेल्डिङ निरीक्षकद्वारा गरिने विभिन्न परीक्षणहरूमा उत्तीर्ण हुनुपर्छ ☐

(b) प्रयोग गर्नुभन्दा पहिले पाइलहरूलाई इन्जीनियरद्वारा अनुमति प्रदान गरिएका योग्य व्यक्तिद्वारा सुरक्षात्मक रङको लेयरले पेन्ट गरिनुपर्छ ☐

(c) प्रयोग गर्नुभन्दा पहिले पाइलहरूलाई इन्जीनियरद्वारा अनुमति प्रदान गरिएका योग्य व्यक्तिद्वारा दर्ता गरिनुपर्छ र समय रेकर्ड गरिनुपर्छ ☐

(d) प्रयोग गर्नुभन्दा पहिले पाइलहरू इन्जीनियर तथा सुरक्षा अधिकारीद्वारा गरिने निरीक्षणमा उत्तीर्ण हुनुपर्छ ☐

4. H-पाइलहरूको गाड्ने कार्य पूरा भयो भनेर मान्नुभन्दा पहिले कुन अवस्थामा पुगेको हुनुपर्छ ?

(a) पाइलिङ कर्मचारीद्वारा निर्णय गरिनुपर्छ ☐

(b) साइटमा H-पाइलहरूलाई बराबर भाग मा बाड्ने र तिनीहरूलाई प्रयोग गर्ने ☐

(c) करार अनुसारको गहिराइमा पुगेपछि र आवाज आउन बन्द भएसँगै H-पाइललाई गड्न अवरोध भएपछि ☐

(d) सामान्यतया, H-पाइललाई डिजाइन अनुसारको गहिराइसम्म गाडिनुपर्छ वा पाइल चट्टानी परत पुगेको छ र स्वीकृत प्लानमा अन्तिम तालिका अनुरूप छ र इन्जीनियरद्वारा गरिने निरीक्षणमा उत्तीर्ण गर्नुपर्छ ☐

5. मानौं कि साइटमा दुईवटा H-पाइलहरू छन् जसमा पहिलो दुई जोडीका आँकडा हरू समान छन तर अन्तिम जोडीका आँकडाहरू फरक छन्, उदाहरणका लागि, पहिलो पाइलमा आँकडा 305 x 305 x 180 रहेको छ भने दोस्रो पाइलमा आँकडा 305 x 305 x 223 रहेको छ। तपाईंले तिनीहरूको भिन्नताहरूलाई कसरी पहिचान गर्नुहुन्छ ?

(a) तिनीहरू भिन्न-भिन्न देशहरूमा निर्माण गरिएका हुन् ☐

(b) प्रोजेक्टको रेकर्डिङमा सजिलो होस् भन्नका लागि आँकडाहरूको दुईवटा सेट फरक रहेका छन् ☐

(c) दुईवटा H-पाइलहरूको आकारहरू मूलतः समान रहेका छन् तर तौलहरू भिन्न छन्। ठूलो आँकडा भएको दोस्रो पाइल गरुङ्गो छ र त्यसमा बाक्लो सामग्री रहेको छ ☐

(d) दुईवटा H-पाइलहरूको आकारहरू समान तौलसहित मूलतः समान रहेका छन्। भिन्नता भनेको तिनीहरूको निर्माण भिन्न-भिन्न मितिहरूमा भएको थियो ☐

6. वर्किङ प्लेटफर्मका लागि गार्ड रेलहरूको उचाइको रेन्ज निम्नहरू मध्ये कुन हुन्छ ?

(a) 400 देखि 550 mm सम्म ☐

(b) 600 देखि 850 mm सम्म ☐

(c) 900 देखि 1150 mm सम्म ☐

(d) 1200 देखि 1450 mm सम्म ☐

7. कामदारहरूले घुम्ने पाटपुर्जाहरू भएका मेशिनहरूलाई सञ्चालन गर्दा कटन को पन्जाहरू किन प्रयोग गर्नुहुँदैन ?

(a) कटनका पन्जाहरूले तेल सोस्ने गर्छन् ☐

(b) कटनका पन्जाहरू बिग्रिने गर्छन् ☐

(c) कटनका पन्जाहरू मेशिनका घुम्ने पाटपुर्जाहरूमा अल्झिने गर्छन् ☐

(d) कटनको पन्जाले सजिलैसँग छालाको एलर्जी गराउने गर्छन् ☐

8. मेटल लाई काट्नका लागि अब्रेसिव व्हिल कटिङ मेशिन प्रयोग गरिँदा सुरुमा के लगाइनुपर्छ ?

(a) कटनको पन्जा ☐

(b) सुरक्षात्मक चस्मा ☐

(c) वेलिङ्टन बुट ☐

(d) चुच्चो निक्लेको कपडाको टोपी ☐

9. क्रेनको सञ्चालनको क्रममा चित्रमा व्यक्तिद्वारा दिइएको ह्यान्ड सिग्नल ले के जनाउँछ :



(a) सबै कुरालाई रोक्ने ☐

(b) आकस्मिक रोक्ने ☐

(c) लिएर जाने ☐

(d) बुमलाई माथि उठाउने ☐

10. क्रेनको सञ्चालनको क्रममा चित्रमा व्यक्तिद्वारा दिइएको ह्यान्ड सिग्नलले के जनाउँछ :



(a) सहायक होइस्टलाई प्रयोग गर्ने ☐

(b) लोडलाई अस्वीकार गर्ने ☐

(c) लोडलाई जबर्जस्ती तल छोड्न सकिन्छ ☐

(d) लोड सजिलैसँग फुट्ने किसिमको छ ☐